का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक ४६
❐ ५ चैत्र २०७६, बुधबार
❐ 18 March 2020, Wednesday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक




**नामको रस्साकस्सीः** प्रदेश नम्बर दुईको नामाकरण गर्न भएको मतदानमा मुख्यमन्त्री लालबाबु राउत । नामाकरण गर्न नेपाली काँग्रेसका सांसद राजेश्वर साहले राखेको मध्य प्रदेश नाम अस्वीकृत भयो । उक्त प्रस्तावमा ४२ जनाले पक्ष र ६५ जनाले विपक्षमा मतदान गरेका थिए । यस्तै काँग्रेसले राखेको मिथिला-भोजपुराको पक्षमा २८ र विपक्षमा ७९ मत परेको छ । नेकपाले राखेको जानकारी प्रदेशको पक्षमा ३७ र विपक्षमा ७० मत परेको थियो । राजपा र समाजवादीले राखेको मधेश प्रदेशको पक्षमा ६० र विपक्षमा ४६ मत परेको छ । अर्थात् चार वटै प्रस्ताव मतदातबाट अस्वीकृत भएको छ ।

# जुटेन सहमति

## ओली–प्रचण्डबीच भेटवार्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ चैत्र

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच भेटवार्ता भएको छ । भेटवार्तामा नेकपाभित्र विवादित रहँदै आएको राष्ट्रियसभामा मनोनयन गर्ने विषयमा अध्यक्षद्वयबीच छलफल भएको छ ।

प्रचण्डका प्रेस संयोजक विष्णु सापकोटाका अनुसार मंगलबार भएको भेटघाटमा पार्टीका विवादित विषयमा छलफल भएको हो । सापकोटाले राष्ट्रियसभामा सिफारिसलगायत समान्य राजनीतिक विषयमा छलफल भएको जनाए । प्रधानमन्त्री ओली अस्पतालबाट डिस्चार्ज भएपछि प्रचण्डले स्वास्थ्य बारे जानकारी लिन पुगेका थिए । त्यसपछि मंगलबार मात्रै औपचारिक राजनीतिक विषयमा छलफल भएको हो ।

राष्ट्रियसभामा उपाध्यक्ष वामदेव गौतमलाई पठाउने विषयमा नेकपा सचिवालयले निर्णय गरिसकेको छ। तर, प्रधानमन्त्री



ओलीले सचिवालयको निर्णय नमान्ने र युवराज खतिवडालाई नै निरन्तरता दिने अडान लिएका छन् । पार्टीभित्र आन्तरिक छलफलको क्रममा प्रधानमन्त्री ओली र अध्यक्ष दाहालबीच पछिल्लो समय मतभेद भइरहेको छ । जुन विवाद सहमसम्मै आइपुगेको छ ।

पार्टीभित्र प्रधानमन्त्री ओली र अध्यक्ष दाहालबीचको दुरी बढेपछि मध्यमार्गीको भूमिकामा नेता माधवकुमार नेपाल देखिएका छन्। तर, प्रधानमन्त्री ओलीको कार्यअसतुष्टिको कारणले नेता नेपाल अध्यक्ष दाहाल निकट भएको भन्दै ओली पक्षले नेपाललाई आफू निकट ल्याउने भेटघाटलाई समेत तीव्र पारिरहेको छ । विवादित विषय छताछुल्ल भएपछि भएको प्रधानमन्त्री ओली र अध्यक्ष दाहालको भेटलाई अर्थपूर्ण रुपमा हेरिएको छ ।

गौतम ढुक्क

सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)भित्र विवाद भएपनि उपाध्यक्ष वामदेव गौतम आफूलाई राष्ट्रियसभा लैजाने सचिवालयको निर्णय कार्यान्वयन हुनेमा ढुक्क रहेका छन् । प्रधानमन्त्री ओलीले अर्थमन्त्री युवराज खतिवडालाई बाहिर राखेर गौतमलाई राष्ट्रियसभा सदस्य नबनाउने अडानमा भने अडिग छन् । उपाध्यक्ष गौतम भैंसेपाटी निवासमा भेट्न आउने नेता तथा कार्यकर्तालाई गत फागुन १४ गतेको सचिवालय निर्णय कार्यान्वयन हुनेमा ढुक्क रहेको बताउने गरेका छन् ।

गौतमका प्रेस सहयोगी विश्वमणि सुवेदीका अनुसार गौतमका राष्ट्रियसभा सदस्यको भविष्यलाई लिएर प्रश्न उठाउनेलाई गौतमले विश्वस्त हुन आग्रहसमेत गरेका छन् । झन्डै एक महिना बित्न लागिसक्दा पनि गौतम राष्ट्रियसभा सदस्य हुन सकिरहेका छैनन्, प्रधानमन्त्री ओलीको असहमतिसँगै गौतमको राष्ट्रियसभा सदस्य हुने विषय आलोचित र अन्योल दुवैमा परेको छ । प्रधानमन्त्री ओलीले सचिवालयमा निर्णय नगरी 'अन्यत्र' निर्णय गरेर सचिवालयमार्फत् कार्यान्वयन गराउन खोजेको भन्दै असहमति प्रकट गरेका थिए । फागुन १४ देखि उक्त निर्णय भए लगत्तै वरिष्ठ नेता माधवकुमार नेपाललाई पुनः बालुवाटारस्थित सरकारी निवासमा बोलाएर निर्णय कार्यान्वयन गर्न नसक्ने जनाउ दिएपछि गौतमको निर्णयप्रति नेकपामा विमति रहेको सार्वजनिक भएको थियो ।

गौतमसहित अर्का अध्यक्ष प्रचण्ड, झलनाथ खनाल पार्टी निर्णय तत्काल कार्यान्वयन गराउने पक्षमा र बाँकी पृष्ठ २ मा

# अदालत बन्द गर्न माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ चैत्र

कोरोनाको संक्रमणबाट बच्न एक महिना देशभरका अदालत बन्द गर्न नेपाल बार एसोशियसनले माग गरेको छ । मंगलबार बसेको नेपाल बारको बैठकले महामारीको रुपमा फैलिएको कारोना भाइरसको संक्रमणबाट बच्न सर्वोच्च अदालतलाई पत्र लेख्दै एक महिना अदालत बन्द गर्न ध्यानाकर्षण गराएको छ । नेपाल बारका महासचिव लिलामणी पौडेलले सकेसम्म अदालतमा पहिलो विकल्पको रुपमा सेवाग्राही र कानुन व्यवसायीको कम उपस्थिति हुनेगरी सेवा प्रवाह गर्न सुझाव




दिएको बताए ।

यदी कम उपस्थितिमा सेवा प्रवाह गर्न नसके अदालतलाई एक महिना पूर्ण रुपमा बन्द गरेर कोरोनाको संक्रमणबाट बचाउन माग गरिएको पौडेलले बताए ।

सर्वोच्चले कोरोना प्रकोपबारे के गर्ने भन्ने विषयमा अन्योलता बोकिरहेका बेला नेपाल बारको पत्रले सहज भएको छ। बुधबार सर्वोच्चमा फुल कोर्टको बैठक राखिएकाले बारको पत्रबारे गम्भीरता पूर्वक छलफल हुने जनाइएको छ ।

यसैबीच, सर्वोच्च अदालत र काठमाडौं जिल्ला अदालतमा पनि कोरोना भाइरसको संक्रमणबाट जोगिन पूर्वतयारी र सतर्कता अपनाउन थालिएको छ। यसअघि कोरोना सचेतनाका लागि भित्तामा सूचना मात्रै टाँस गरिएको न्याय क्षेत्रमा अहिले कार्यालय प्रवेश गर्ने व्यक्तिको ज्वरो नाप्ने, भीडभाड नगर्न भन्दै माइकिङ गर्ने काम गरिरहेको छ । यसका साथै अस्थायी रुपमा आइसोलेसन कक्षको स्थापना पनि गरिएको छ । सर्वोच्च अदालतले यसअघि नै कोरोना भाइरसको संक्रमणबाट बच्न इजलास बाँकी पृष्ठ २ मा

# उपचारबारे जानकारीको खोजी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ चैत्त

प्रधानमन्त्री केपी शर्मा ओलीको मिर्गौला प्रत्यारोपणबारे विस्तृत जानकारी माग गरिएको छ । ओलीको उपचार भएको त्रिवि शिक्षण अस्पतालमा उपचार सम्बन्धी सूचना माग गर्दै निवेदन दर्ता भएको छ । वरिष्ठ अधिवक्ताहरु बालकृष्ण न्यौपाने र डा. सुरेन्द्र भण्डारीले मंगलबार निवेदन दर्ता गराएका हुन् । सूचनाको हकसम्बन्धी ऐन २०६४ को प्रयोग गर्दै अधिवक्ताद्वयले प्रत्यारोपण गरेको मिति, दान गर्नेको नाम, दिने र लिनेबीचको नाता, प्रत्यारोपणको विषयमा दाता र ग्रहणकर्ताबाट पेश गरिएका दस्तावेजहरु माग गर्दै निवेदन दर्ता गराएका छन् ।

मिर्गौला दिने र लिनेबीचको नाता प्रमाणितको दस्तावेज र प्रत्यारोपणमा संलग्न डाक्टरको विवरणसमेत सूचनामा माग गरिएको छ । अधिवक्ता भण्डारीले प्रधानमन्त्रीलाई अहिले मिर्गौला दिने समीक्षा संग्रौला भाञ्जी नाता पर्ने भनिए पनि त्यसबारे यकिन नहुँदा सूचना माग गरिएको बताए । मिर्गौला दिने र लिनेबीचको नाताबारे दुईथरी कुरा बाहिर आएको भन्दै भण्डारीले उक्त प्रत्यारोपण कानुन विपरीत भएको आशंकामा सूचना माग गरिएको जानकारी दिए ।

अधिवक्ता भण्डारीले भने,'कसैले समीक्षा प्रधानमन्त्रीको भाइको श्रीमतीको भाञ्जी भन्छन् । कसैले प्रधामन्त्रीको काकाको छोरीको छोरी भन्छन् । पहिलो पटक किड्नी दिने प्रमको आफ्नै भाइको बुहारी हुन् कि हैनन्, त्यो पनि यकिन छैन । त्यही भएर सूचना माग गरिएको हो ।'

# फागुनमा विदेशिए ५० हजार कामदार

## टपटेन म्यानपावर कुन–कुन ? १११ ले पठाएनन् एकजना पनि, मलेसिया उड्ने धेरै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ चैत

वैदेशिक रोजगार विभागले फागुनमा मात्रै करिब ५० हजार नेपालीलाई वैदेशिक रोजगारीका निम्ति श्रमस्वीकृति दिएको छ । कोरोना संक्रमणबीच विभागले संस्थागत, व्यक्तिगत नयाँ श्रमस्वीकृति, पुनःश्रम स्वीकृति (रिइन्ट्री) र वैधानिकीकरण प्रक्रियामार्फत विदेश जान लागेकालाई श्रमस्वीकृति दिएको हो ।

फागुनमा २२ दिन कार्यालय खुलेकोमा ४९ हजार ४ सय ५० जनाले श्रमस्वीकृति लिएका छन् । यस हिसाबले दैनिक २ हजार बढी नेपाली वैदेशिक रोजगारीमा जाने देखिएको छ ।

त्यसमा म्यानपावर कम्पनीमार्फत श्रमस्वीकृति लिनेको संख्या आधाभन्दा केही बढी अर्थात् २६ हजार ३ सय ९ छ । बाँकी भने व्यक्तिगत, नयाँ श्रमस्वीकृति, रिइन्ट्री र वैधानीकरण माध्यमबाट श्रमस्वीकृति लिएर जाने कामदार हुन् ।

फागुन महिनामा संस्थागत रूपमा सबैभन्दा धेरै कामदार मलेसिया गएको तथ्यांकले देखाएको छ । व्यक्तिगततर्फ नयाँ, रिइन्ट्री तथा वैधानिकीकरण माध्यमबाट धेरै नेपालीले यूएईका लागि श्रमस्वीकृति पाएका छन् । फागुन महिना मलेसियाका लागि संस्थागत रूपमा ८ हजार २ सय २१, यूएईका लागि ६ हजार ३ सय ६३, साउदी अरेबियाका लागि ५ हजार ८ सय ५५ र कतारका लागि ३ हजार १ सय ३३ जनाको श्रमस्वीकृती भएको छ । यूएईको सबै प्रक्रियाबाट १२ हजार १ सय ६ जनाले श्रमस्वीकृति लिएका छन् । अघिल्लो महिना साउदी जाने कामदारको संख्या सबैभन्दा धेरै थियो । फागुन महिनामा संस्थागत रूपमा अफगानिस्तान १५, बहराइन ३ सय ७२, साइप्रस २ सय ३५, जापान ४४, जोर्डन २ सय ३८, कुवेत १ हजार २ सय ३५, माल्टा २६, ओमन १ सय ८८, रोमानिया ३ सय १९, टर्कीका लागि ३८ जनाको श्रमस्वीकृति भएको छ ।

श्रमस्वीकृति लिएका नेपाली गन्तव्यमा जान भने बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### 'संख्या सय समस्या समाधान समिति' गठन



**काठमाडौं/मस–** प्रगतीशिल वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको संयुक्त बैठकले 'संख्या सय समस्या समाधान समिति' गठन गरेको छ । सोमबार बसेको बैठकले नेपाल वैदेशिक रोजगा व्यवसायी संघका पूर्वउपाध्यक्ष एवं प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका पूर्वअध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीको संयोजकत्वमा दुवैतर्फका ११ व्यवसायी सम्मिलित समिति गठन गरेको हो ।

समितिलाई वैदेशिक रोजगार व्यवसायीको इजाजतपत्र नवीकरण गर्नका लागि वैदेशिक रोजगार ऐन २०६४ र वैदेशिक बाँकी पृष्ठ २ मा

### यूएईमा २ नेपालीको अवस्था सामान्य

काठमाडौं/मस- यूएईमा कारोना भाइरसको संक्रमण देखिएका २ नेपालीको अवस्था सामान्य रहेको त्यहाँस्थित नेपाली राजदूतावासले जनाएको छ ।

कारोना संक्रमण देखिएका २ नेपालीको यूएईस्थित सरकारी निकायले उपचार गरिरहेको र अवस्था सामान्य रहेको दूतावासका एक कर्मचारीले जानकारी दिए ।

दूतावासले ती कोरोना संक्रमित नेपालीको अवस्थाबारे त्यहाँको स्वास्थ्य र परराष्ट्र मन्त्रालयमार्फत बुझिरहेको बताइएको छ ।

कोरोना संक्रमित २ नेपालीलाई स्वदेश फर्काएर उपचार गर्ने विकल्पबारे पनि छलफल भइरहेको बाँकी पृष्ठ २ मा

# अन्तर्राष्ट्रिय उडानमा भारी कटौती

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ चैत्र

कोरोना भाइरसका कारण नेपालबाट अन्तराष्ट्रिय उडानमा भारी कटौती भएको छ। मुलुकको एकमात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय उडानमा भारी कटौती भएको जनाइएको छ । विमानस्थलका महाप्रबन्धक देवेन्द्र केसीले पछिल्ला दिनमा दिनहुँजसो अन्तर्राष्ट्रिय उडानमा कटौती भइरहेको जानकारी दिएका छन् ।

उनका अनुसार विमानस्थलमा सामान्य अवस्थामा अन्तर्राष्ट्रियतर्फ दैनिक ४५ देखि ५० उडान हुने गरेकामा मंगलबार २९ वटा मात्रै उडान भएका छन् । सोमबार ३० वटा अन्तर्राष्ट्रिय उडान भएको थियो । विमानस्थलबाट दुवैतर्फी उडान र अवतरण गर्दा दैनिक सरदर ९५ देखि ९० अन्तर्राष्ट्रिय उडान हुने गरेको छ। तर कोरोनाको प्रभावले हवाई यात्रु घटेपछि हवाई कम्पनीले पनि उडान क्रमशः कटौती गर्न थालेका हुन् ।



महाप्रबन्धक केसीले दुई दिनयता अन्तर्राष्ट्रिय उडानमा भारी कटौती भएको जानकारी दिदै अझै केही दिन यही प्रक्रिया जारी रहने बताए। एयर इण्डियाले पहिला दैनिक चार उडान भर्दै आएकामा अहिले एउटा मात्रै उडान भर्दै आएको छ। कतार एयरवेजले दैनिक चार उडान भर्दै आएकोमा अहिले दुई वटा मात्र उडान गरिरहेको छ। ड्रागन एयरले काठमाडौं उडान स्थगन गरिसकेको छ । साताको चार उडान भर्दै आएको कोरियन एयरले एउटा मात्र उडान भर्दै आएको छ ।

विमानस्थलबाट अहिले तीन नेपालीसहित ३० वटा वायुसेवा प्रदायक कम्पनीले उडान भर्दै आएका छन् । हालको अवस्थामा नेपाल आउने मात्र नभई नेपालबाट अन्य गन्तव्यमा उडान भर्ने वायुसेवा प्रदायकले पनि धमाधम उडान कटौती गरिरहेका छन् । राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले दुबई गन्तव्यको उडान स्थगन गरेको छ भने नेपालबाट चीनमा उडान गर्दै आएको निजी बाँकी पृष्ठ २ मा

## प्रहरी उज्यालो अभियान

# ट्राफिक नियमबारे एक लाख प्रशिक्षित

**काठमाडौं/रासस–** काठमाडौं उपत्यकामा पछिल्लो तीन महिनामा सडक प्रयोगकर्ता, पैदल यात्रु, चालक, सहचालक तथा विद्यार्थी गरी एक लाख २९ हजारलाई ट्राफिक नियमसम्बन्धी प्रशिक्षण दिइएको छ। ट्राफिक नियम पालना गराई सडक अनुशासन रसचेतना अभिवृद्धिका लागि महानगरीय ट्राफिक प्रहरी महाशाखाले गत पुसदेखि शुरु गरेको तीनमहिने 'विशेष ट्राफिक उज्यालो अभियान'मार्फत उनीहरुलाई प्रशिक्षित गराइएको हो।

अभियानका क्रममा १९ हजार ५६९ सार्वजनिक सवारीका चालक तथा सहचालक, २७ हजार मोटरसाइकल चालक र ६१२ सरकारी गाडीका चालकलाई प्रशिक्षण दिइएको महाशाखाका प्रमुख भीमप्रसाद ढकालले जानकारी दिए। उक्त अभियानका क्रममा झण्डै ६३ हजार पैदलयात्री र सर्वसाधारणलाई ट्राफिक नियम र सडक अनुशासनका विषयमा जानकारी गराइएको उनले बताए।




महाशाखाले दैनिक ४० एकाइबाट ट्राफिक नियमसम्बन्धी पर्चा, पम्प्लेट, स्टिकर वितरण र श्रव्यदृष्य प्रदर्शनी गरी ट्राफिक नियमबारे सचेतना कक्षा चलाएको थियो। सो कक्षामा सडक सुरक्षा र ट्राफिक नियमबारे जानकारी दिइएको र घरघरमा सचेतनाका लागि पर्चा -पम्पलेट वितरण गरिएको महाशाखाका प्रवक्ता जीवनकुमार श्रेष्ठले बताए। 'सडक प्रयोगकर्तालाई 'कोर्स' नै डिजाइन गरी ट्राफिक सचेतना प्रदान गरिएको छ जसका कारण सचेतना कक्षाबाट धेरै लाभान्वित भएका छन्,' प्रवक्ता श्रेष्ठले भने।

२० हजारलाई सचेतना कक्षा

अभियानका क्रममा जथाभावी बाटो काट्ने १९ हजार ९९८ बटुवालाई सोही ठाउँमा राखेर २० मिनेटको सचेतना कक्षा प्रदान गरिएको ट्राफिक प्रहरीले जनाएको छ। पैदलयात्रीलाई आकाशे पुल र जेब्राक्रसिङको प्रयोग गर्न काठमाडौं उपत्यकाका तीन स्थानमा नियमितरूपमा घोडा परिचालन गरिएको महाशाखा प्रमुख ढकालले जानकारी दिए। ट्राफिक उज्यालो अभियानअन्तर्गत रहेर गीतसङ्गीतका माध्यमबाट जेब्राक्रसिङ र आकाशे पुलको प्रयोग, सडक सङ्केतको पालना तथा तीव्र गति र मापसे गरेर गाडी नचलाउन अनुरोध गरिएको उनले बताए।

उपत्यकाका व्यस्त ४७ चोकमा चालक तथा जेब्राक्रसिङका बटुवालाई लक्ष्य गरी प्रहरीबाटै ट्राफिक नियम लेखिएको ब्यानर प्रदर्शन गरिएको थियो। मापसे गरी सवारी चलाउने नौ हजार ५६९, लेन अनुशासन पालना नगर्ने आठ हजार २६९, सवारी दुर्घटना गर्ने १०० सहित १७ हजार ९३८ लाई दैनिक कारवाही गरिएको जनाइएको छ। गत पुस १ गतेदेखि शुरु भएको उक्त अभियानलाई चैत १ गतेदेखि भने थप परिमार्जन गरी सञ्चालन गरिएको महाशाखाले जनाएको छ।

## चेपाङ समुदायका पीडा : किन गाउँमा आउँदैन विकास ?



**चितवन/रासस–** चितवनको इच्छाकामना गाउँपालिका-५ मरक्यानाकी शिला चेपाङ शिक्षित छैनन्। उनलाई गाउँमा विकास भएको हेर्ने तीव्र इच्छा छ। सडक, बिजुली, नजिकै विद्यालय सञ्चालनमा ल्याएर गाउँका बालबालिका पढाउन पाइदिए हुन्थ्यो भन्ने उनको उत्कट चाहना छ। विकास टाठाबाठाले प्राप्त गर्छन् भन्ने उनको बुझाइ छ। गाउँपालिका गत आइतबार आयोजित अन्तर्क्रिया कार्यक्रममा उनले प्रश्न गरिन्, 'चेपाङगाउँमा मात्रै किन आउँदैन विकास ?'

'स्थानीय सरकारले विनियोजन गर्ने योजना र बजेटका बारेमा हामीलाई थाहा नै हुँदैन,' उनले भनिन्, 'हामी कम बोल्ने र कम जानेबुझेको भएर होला ?,' उनले गुनासो गरिन्। स्थानीयस्तरमा पनि समयमै सहज सूचना प्राप्त गर्न नसकेको उनले गुनासो पोखिन्।

शिलाजस्तै अन्य चेपाङको गुनासो उस्तै छ। 'हामीलाई सडक चाहियो, सडकको सुविधा भए तरकारी उत्पादन गर्छौं र बेच्छौं,' रामजी चेपाङले भने। उनले विद्यालय टाढा हुँदा बालबालिका नियमित उपस्थित हुन समस्या भएको गुनासो पोखे। कक्षा ३ सम्मका लागि बालकक्षाको व्यवस्था गाउँमै गर्नसके मात्रै बालबालिका नियमित विद्यालय जाने उनले बताए। उनले चेपाङ बाहुल्य क्षेत्रका हरेक विद्यालयमा चेपाङ समुदायको शिक्षक राख्नुपर्ने माग गरे। 'पहिलाभन्दा अहिले हामी धेरै बुझ्ने भइसकेका छौँ, अझै धेरै जान्न बाँकी छ,' उनले भने।

इच्छाकामना गाउँपालिका-५ का वडासदस्य निर्मला श्रेष्ठले अधिकारका लागि चेपाङ समुदाय एकजुट हुनुपर्ने बताइन्। 'आजसम्म एक जना चेपाङ पनि योजना चाहियो भनेर वडामा आएका छैनन्, हामीले नै प्राथमिकतामा राखेर बजेट विनियोजन गरेका छौँ, तपाईंहरु लाज नमान्नुहोस्, निर्धक्क भएर आफ्ना कुरा सम्बन्धित ठाउँमा राख्नुहोस्, तपाईंका माग सम्बोधन हुन्छन्,' उनले भनिन्।

'चेपाङ समुदायको मुख्य समस्या बालविवाह हो,' वडा सदस्य श्रेष्ठले भनिन्, 'अझै पनि १५/१६ वर्षमै बच्चा जन्माउने गरिएको छ, २० वर्ष कम उमेरको जन्म र विवाह दर्ता नै हुँदैन।' ती समुदायमा हुने बालविवाह जनप्रतिनिधिका लागि पनि चुनौतीको विषय बनेको श्रेष्ठको भनाइ छ। उनले कक्षा ५ सम्म अध्ययन गर्ने चेपाङ बालबालिकाका लागि सरकारले निःशुल्क खाजाको व्यवस्था गरेको जानकारी दिइन्।

'अझै पनि चेपाङ नागरिकको अवस्था दर्दनाक छ,' इच्छाकामना गाउँपालिका-५ का वडाध्यक्ष मोदराज सिलवालले भने, 'सरकार र विभिन्न सङ्घसंस्थाले सञ्चालन गरेको अभियान बालुवामा पानि खन्याएसरह भएको छ।' जनचेतनाको कमी र गरिबीका कारण उनीहरु माथि उठ्न नसकेको सिलवालले बताए। 'जीवनस्तर उकास्न शुरुआत आफैँबाट गर्नुपर्छ, सरकार र सङ्घसंस्थाले त सहयोग मात्रै गर्ने हो,' उनले भने।

वडाले सञ्चालन गरेको उद्घोषणलगायतका तालिममा पनि चेपाङ समुदायको प्रतिनिधित्व नभएको उनले बताए। 'यो समुदाय छरिएर होइन, एकीकृत भएर आउनुपर्छ, तपाईंहरु काम गर्छु भनेर आउनुहोस्, हामी बजेट दिन्छौं,' उनले भने। आफ्ना अधिकारका विषयमा खुलेर बोल्न आग्रह गर्दै हरेक कार्यक्रममा सहभागी हुँदा भत्ता र खाजाभन्दा पनि ज्ञान र सीप सिक्नेतर्फ ध्यान दिन वडाध्यक्ष सिलवालले आग्रह गरे।

संघले श्रमस्वीकृति लिएका ४५ हजार कामदार वैदेशिक रोजगारीमा जान नपाएको दाबी गरेको थियो। उक्त दाबीलाई सरकारी आँकडाले पुष्टि गरेको छ। संघले उनीहरूलाई राहत तथा क्षतिपूर्तिको माग गरेको छ। उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेल संयोजकत्वमा रहेको कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको फागुन २९ गतेको बैठकले वैदेशिक रोजगारीका लागि श्रमस्वीकृति स्थगन गर्ने निर्णय गरेको थियो। त्यसको भोलिपल्टै विभागले अनिश्चितकालका लागि श्रमस्वीकृति रोकेको थियो। यसैबीच, दी रिभर ओभरसिज प्रालि फागुनमा पनि धेरै कामदार विदेश पठाउने म्यानपावर कम्पनीको पहिलो नम्बरमा पर्न सफल भएको छ। गत पुस र माघमा धेरै कामदार पठाउने म्यानपावर कम्पनीको शीर्ष स्थानमा दरिएको दी रिभर फागुनमा ६ सय ४५ जनाको श्रमस्वीकृति गराउँदै पहिलो स्थान सुरक्षित गर्न सफल भएको हो।

दोस्रो नम्बरमा ट्रस्ट नेपाल ओभरसिज प्रालि छ। उसले फागुनमा ६ सय ४४ जनाको श्रम स्वीकृति निकालेको छ। सूचीको तेस्रो नम्बरमा रहेको प्याराडाइज इन्टरनेशनल प्रालिले ५ सय १७ जनाको श्रम स्वीकृति लिएको छ।

लक्की एचआर सोलुसन प्रालि सूचीको चौथो नम्बरमा छ। उक्त म्यानपावर कम्पनीले ४ सय ८१ को श्रमस्वीकृति लिएको छ। पाँचौंमा कोशी इन्टरनेशनल सर्भिस प्रालि र छैठौंमा दुबई ओभरसिज छन्। यी कम्पनीले क्रमशः ४ सय ३६ र २ सय ७८ जनाको श्रमस्वीकृति गराएका छन्। एसओएस सर्भिसेज प्रालिले २ सय ७६ को श्रमस्वीकृति निकाल्दा मास ह्युमन रिसोर्स प्रालि. र स्काई ओभरसिज प्रालिले समान २ सय १६ जनाको श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागले जनाएको छ। नवौं स्थानमा रहेको साउण्ड लाइन्स रिक्रुटमेन्ट प्रालिले १ सय ९१ र दशौं नम्बरमा रहेको अल आक्समास कम्पनी प्रालिले १ सय ८७ जनाको श्रम स्वीकृति लिएका छन्।

सञ्चालनमा रहेका ८ सय ५४ म्यानपावर कम्पनीमध्ये फागुनमा ७ सय ४३ म्यानपावर कम्पनीले मात्रै श्रम स्वीकृति लिन सफल भएका छन्। १ सय ११ म्यानपावर कम्पनीले भने एक जनाको पनि श्रमस्वीकृति निकाल्न सकेनन्।

### संख्या...

रोजगार नियमावलीमा रहेको कानूनी व्यवस्थाको अन्योलवारे निकास निकाल्न जिम्मेवारी दिइएको छ।

व्यवसायी पाण्डे क्षेत्रीको संयोजकत्वको समितिमा व्यवसायीहरू गोविन्द कटुवाल, राजेन्द्र भण्डारी, जे.बी शाही, हेमन्त जीसी, भीष्मराज शर्मा सिवाकोटी, कुन्छा जोर्जे लामा, आरसी गिरी हरिबहादुर थापा र श्याम खरेल सदस्य छन्। व्यवसायी हरिश कुँवर समितिको सदस्य सचिव तोकिएका छन्।

गत वर्ष फागुनमा केही नेपाल ऐनलाई संशोधन गर्ने कानूनले वैदेशिक रोजगार ऐन र भदौ १ गते वैदेशिक रोजगार (पाँचौ संशोधन) नियमावलीमा म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण गर्न पछिल्लो दुई आर्थिक वर्षमा प्रत्येक वर्ष कम्तीमा एकसय जना कामदार वैदेशिक रोजगारमा पठाएको प्रमाणित हुने कागजात समावेश गरिनुपर्ने व्यवस्था गरिएको छ। व्यवसायीहरूले उक्त व्यवस्थाले पेशा व्यवसाय गर्ने संवैधानिक हकलाई संकुचन गरेको दावी गर्दै आएका छन्। व्यवसायीहरुको छाता सस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघले पनि संख्याको प्रावधान हटाउनु पर्ने आवाज उठाउँदै आएको छ।

समितिलाई यस विषयमा बृहत् दायरामा छलफल गर्ने र आवश्यक भए कानूनी उपचार खोज्नेसम्मको म्याण्डेट दिइएको छ। भोलि बिहीबार धुम्बाराहीस्थित स्काई जोन ब्यांक्वेटमा कानून व्यवसायीहरुसँग छलफल गर्दैछ। छलफलमा वैदेशिक रोजगार क्षेत्रमा छुट्टै पहिचान बनाएका र नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पटकपटक सल्लाहकार रहेकाबाहेकका संवैधानिक र अन्य कानूनी पक्षमा पहिचान बनाएका कानून व्यवसायीहरूलाई आमन्त्रण गरिएको समितिका एक सदस्यले जानकारी दिए।

आर्थिक वर्षको अन्त्यमा इजाजतपत्रको अवधि समाप्त हुने भन्दै विभागले आर्थिक वर्षको अन्त्य अर्थात् असार मसान्तभित्र इजाजतपत्र नवीकरण गराउनु पर्ने व्यवस्था गरेको छ। त्यसका लागि झण्डै ४ महिना बाँकी रहेको छ। ऐन र नियमावलीको प्रावधान परिवर्तन नभए हाल क्रियाशील रहेका ८ सय ५४ मध्ये करिब ३ सय ५० म्यानपावर कम्पनीको सख्या नपुग्ने र उनीहरू नवीकरण नभई खारेजीमा पर्नेसक्ने खतरा रहेको बताइन्छ।

### यूएईमा...

बताइएको छ। तर, यूएईले आफ्ना देशमा कोरोना देखिएकालाई स्वदेश फर्काउन अहिलेसम्म अनुमति दिएको छैन। उसले यसबारे विभिन्न देशका प्रतिनिधिसँग छलफल गरिराखेको छ।

यूएईमा कार्यरत २ नेपालीमा केही दिनअघि कोरोनाको संक्रमण फेला परेको थियो। उनीहरूको परिचय दूतावासले गोप्य राखेको छ।

नेपालीको मुख्य रोजगार गन्तव्य मानिन्छ, यूएई। चीन उद्गम भएर पुगेको कोरोना त्यहाँ फैलँदो क्रममा छ। हालसम्म त्यहाँका ९८ मानिसमा संक्रमण देखिएको छ। यो संक्रमणबाट मृत्यु भने भएको छैन। यद्यपि, त्यहाँ कार्यरत नेपालीमा त्रास छाएको छ। संक्रमण हुने र रोजगारी गुम्नसक्ने चिन्ता उनीहरूमा छ।

### जुटेन...

ओली विपक्षमा देखा परेपछि वरिष्ठ नेता माधवकुमार नेपालले मध्यमार्गी उपाय निकालेका छन्। 'अहिले गौतमलाई पार्टी निर्णयअनुसार राष्ट्रियसभा सदस्य बनाऊ, खतिवडाजीलाई अर्थमन्त्री बनाउने हो भने भदौमा अर्को नयाँ निर्णय लिऊँ' प्रधानमन्त्री ओली र प्रचण्डलाई नेपालको मध्यमार्गी वैकल्पिक प्रस्ताव गएको छ। तर, वरिष्ठ नेता नेपालले वैकल्पिक प्रस्ताव गरे पनि त्यसबारेमा कुनै छलफल भने हुन सकेको छैन। कारण, दोस्रोपटक मिर्गौला प्रत्यारोपण गर्न प्रधानमन्त्री ओली फागुन १९ गते त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल भर्ना भइदिए। फागुन २१ गते सफल प्रत्यारोपणपछि १२ दिनपछि डिस्चार्ज भए पनि नेकपाले थप निर्णय भने गर्न सकेको छैन। मंगलबार मात्र एक चरणको छलफल ओली-प्रचण्डबीच भएको छ।

### अदालत...

व्यवस्थापन गरेको थियो। तर सर्वोच्चको भन्दा पनि धेरै भीडभाड हुने काठमाडौं जिल्ला अदालतले ढिलो गरी सतर्कताका उपाय अपनाउन थालेको छ।

सर्वोच्चले संक्रमणबाट बच्न भन्दै इजलासमा न्यायाधीश र इजलाश अधिकृत बस्ने ठाउँबाट कानुन व्यवसायी र आगन्तुक रहने स्थानको दूरी बढाएको छ। सतर्कताका लागि भन्दै इजलासमा सकेसम्म कम मात्र मानिसलाई उपस्थित गराउने प्रयास गर्दै आएको सञ्चार विज्ञ किशोर पौडेलले जानकारी दिए। १७ हजार थान मुद्दा विचाराधीन रहेको काठमाडौं जिल्ला अदालतमा दैनिक ३३ वटा इजलास बस्ने गरेको छ।

### अन्तर्राष्ट्रिय...

लगानीको हिमालय एयरलाइन्सले चीनका चार गन्तव्यमा सातामा १५ उडान भर्दै आएकामा अहिले सबै बन्द गरेको छ। त्यस्तै हिमालयले दुबई र साउदी अरब गन्तव्यको पनि हाललाई अर्को सूचना जारी नभएसम्म उडान स्थगन गर्ने निर्णय गरेको छ। उता चीनबाट नेपाल उडान भर्ने सबै पाँच वायुसेवा प्रदायकले पनि काठमाडौं विमानस्थलको उडानमा भारी कटौती गरेका छन्।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार चीन गन्तव्यमा मात्रै पहिला यही याममा सातामा ६० देखि ६२ उडान हुने गरेकामा अहिले सातामा १० वटामात्र उडान भइरहेको छ। चीनबाट नेपाल उडान भर्ने एयर चाइनाले सातामा १४ उडान भर्दै आएकामा अहिले सातामा जम्मा एक उडान गरिरहेको छ। चाइना साउदर्न एयरको सातामा १४ उडान रहेकामा अहिले सातामा दुई मात्रै उडान भइरहेको छ। चाइना इस्टर्नको सातामा ११ उडान थियो भने अहिले सातवटा उडान छ। त्यसैगरी सिचुवान एयरलाइन्सको सातामा चार उडान रहेकामा अहिले सबै बन्द रहेको छ भने सातामा सात उडान भर्दै आएको तिब्बत एयरलाइन्सले पनि अहिले सबै उडान स्थगन गरेको छ। पहिले अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक ११ हजारभन्दा बढी यात्रुको आगमन हुन्थ्यो भने अहिले करिब पाँच हजार मात्रै यात्रु आगमन भइरहेको विमानस्थलले जनाएको छ।

### फागुनमा...

पाएका छैनन्। सरकारले गत फागुन २९ देखि अनिश्चितकालका लागि श्रमस्वीकृति स्थगित गर्ने निर्णय गरेको थियो। श्रमस्वीकृतिमा प्रतिबन्ध लगाएसँगै मलेसिया, कुवेत, कतार, साउदी अरब र ओमानलगायतका देश जान नेपालीले पाएका छैनन्।

सरकारले कोरोना त्रासका कारण वैदेशिक रोजगारीमा जाने कामदारको श्रमस्वीकृति रोकेपछि नेपाल वैदेशिक रोजगार व्यवसायी

## 'एसईई नियमित तालिकामै'

**काठमाडौं/मस–** सरकारले माध्यमिक शिक्षा परीक्षा (एसईई) नियमित तालिकामै सञ्चालन हुने बताएको छ। कोरोना भाइरस (कोभिड-१९)को संक्रमणको जोखिम भएपनि उच्च सतर्कताका साथ परीक्षा सञ्चालन गर्ने तयारी सरकारले गरेको हो।



सरकारका प्रवक्ता समेत रहेका अर्थ मन्त्री एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. युवराज खतिवडाले मंगलबार नियमित तालिका अनुसार नै एसईई परीक्षा सञ्चालन हुने बताए। उनले शिक्षा मन्त्रालयले समेत परीक्षा नियमित तलिका अनुसार नै सञ्चालन हुने गरी व्यवस्थापकीय तयारी गरिरहेको समते बताए।

कोरोना भाइरको संक्रमण देखिएका मुलुकमा समेत परिक्षाहरु सञ्चालन भइराखेको उल्लेख गर्दै विद्यार्थीमा समस्या देखिए छुट्टै व्यवस्था गरेर पनि सरकारले परिक्षा सञ्चालन गर्ने उनले बताए। उनले भने, 'एसईईलाई तालीकामै लैजाने भनेर शिक्षा मन्त्रालयले बक्तव्य जारी गरिसकेको छ। कोरोनाको संक्रमण देखिएका मुलुकहरुमा पनि परीक्षा चाहिं नियमितै भएको छ। परीक्षा सञ्चालन गर्दा केही पूर्व तयारी हामीलाई चाहिन्छ। जस्तो परीक्षा हलमा प्रवेश गर्दा समान्य टेम्प्रेचर (ज्वरो) नापेर पठाउने, यदि शंका लाग्यो भने आइसोलेटेड रुममा राखेर त्यस्तो रुममा पनि निश्चित फरकमा दुरीमा विद्यार्थीहरुलाई राखेर परिक्षा लिने र त्यसको लागि स्वास्थ्यकर्मीहरु खटाउन पर्ने ठाउँमा खटाउने र प्रदेश र स्थानीय तहको पनि त्यहाँ भूमिका हुन्छ।'

चैत्र ६ गतेदेखि नै नियमित तालिका अनुसार यथावत रुपमा परीक्षा सञ्चालन हुने उनले बताए। यस वर्ष ४ लाख ८२ हजार २ सय १९ जना विद्यार्थीहरु एसईई परीक्षामा सहभागी हुँदैछन्।

## कोभिड-१९ : नेपाल-भारत मैत्री बस सेवा बन्द

**धनगढी/मस-** कोरोना भइरसको संक्रमण फैलिन नदिन पूर्वतयारी स्वरुप धनगढीदेखि भारतको नयाँ दिल्लीसम्म सञ्चालनमा रहेको नेपाल-भारत मैत्री बस सेवा बन्द गरिएको छ। धनगढीबाट गौरीफंण्टा नाका हुँदै दिल्लीसम्म दैनिक तीन बस सञ्चालनमा थिए।




यसबाहेक गौरीफंण्टा नाका हुँदै दाङबाट दिल्लीका लागि दैनिक छुट्ने थप दुई बस सेवा पनि बन्द गरिएको छ। कैलालीको त्रिनगर प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक महादेव भट्टले धनगढीबाट नयाँ दिल्लीका लागि छुट्ने बस सेवा सोमबारबाट बन्द गरिएको बताए।

यता सुन्दर सुदूरपश्चिम यातायात प्रालिका अध्यक्ष पदम सापकोटाले कोरोना भाइरसको कारण यातायात क्षेत्रमा प्रतिकुल प्रभाव परेको बताए। लामो तथा छोटो दुरीमा चल्ने बस सेवामा यात्रुको संख्या घट्दै गएकोले यातायात सेवा प्रभावित भएको हो।

धनगढीदेखि काठमाडौंसम्म दैनिक १७ वटा बस सञ्चालन हुने गरेकोमा कोरोना भाइरसको कारण यात्रुको आवागमन घट्दा १० वटा बस मात्र चलाउनुपर्ने देखिएको सापकोटाले बताए। धनगढीदेखि विराटनगर, वीरगञ्ज, जनकपुर, बुटवल, पोखरा जस्ता शहरका लागि छुट्ने बस सेवा कटौती गर्नुपर्ने देखिएको सापकोटाले बताए। पहाडी क्षेत्रका रुटमा मानिसको आवागमन घट्दै गएको छ।

**रोकथामको प्रयास**

कैलाली त्रिनगर भन्सार कार्यालयको खाली रहेको भवनलाई कोरोनाका शंकास्पद बिरामी राख्न क्वारेन्टाइनको रुपमा प्रयोग गर्ने पहल गरिएको छ। जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी शिवराज जोशीले यसबाहेक वडा प्रहरी कार्यालय धनगढी नजिक रहेको अर्को भवनलाई पनि क्वारेन्टाइनको रुपमा प्रयोग गर्ने पहल गरिएको बताए।


कोरोनाका शंकास्पद बिरामी फेला परेमा यस्ता बिरामीको तत्काल सीमा नाकाबाट उद्धार गरी क्वारेन्टाइनमा लैजान त्रिनगर भन्सार नाकामा एम्बुलेन्स तयारी हालतमा राखिएको छ। कैलालीको खक्रौला सीमा नाकाको हकमा टीकापुर अस्पतालमा एम्बुलेन्स तयारी हालतमा राखिएको छ।

सेती प्रादेशिक अस्पताल धनगढीमा पाँच वटा 'आइसोलेसन' कक्षको व्यवस्था गरिएकोमा भेन्टिलेटरसहितको थप कक्षको व्यवस्था गर्न पहल गरिएको छ। सुदूरपश्चिम प्रदेशका भारतसँग नजिक रहेका त्रिनगर, खक्रौला लगायतका सीमा नाकामा सञ्चालन गरिएका 'हेल्थ डेस्क' मार्फत नेपाल-भारततर्फ आवागमन गर्नेको स्वास्थ्य जाँच नियमित रुपमा गर्ने गरिएको छ।

सुदूरपश्चिम प्रदेश सरकारले कोराना भाइरस रोग निगरानी तथा रोकथामका लागि हेल्थ डेस्क सञ्चालन मार्गदर्शन तयार पारेर सोही आधारमा आवश्यक ठाउँमा हेल्थ डेस्क सञ्चालनमा ल्याएको हो।

## राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता अभियान सञ्चालन

**कञ्चनपुर/रासस-** कञ्चनपुरमा राष्ट्रिय परिचयपत्र कार्यक्रमअन्तर्गत भीमदत्त नगरपालिकाका १९ वटै वडामा विवरण दर्ता कार्य शुरु भएको छ। विवरण दर्ताका लागि ९१ विवरण दर्ता अपरेटर छनोट गरी परिचालन गरिएको छ।




सहायक प्रमुख जिल्ला अधिकारी गोर्कणप्रसाद उपाध्यायका अनुसार १९ वटा घुम्ती केन्द्रमार्फत विवरण दर्ताको कार्य सञ्चालन गरिएको छ। जिल्लामा परिचयपत्रका लागि एक लाख ९८ हजार नागरिकको विवरण दर्ता गर्ने लक्ष्य लिइएको छ। 'हालसम्म जिल्लामा १० हजार २६५ जनाको राष्ट्रिय परिचयपत्रको विवरण दर्ता भई एक हजार ६०० बायोमेट्रिक स्मार्टकार्ड कार्यालयमा प्राप्त भएको छ,' सहायक प्रजिअ उपाध्यायले भने।

भीमदत्त नगरपालिका-१८ बाट विवरण दर्ता अभियानको शुभारम्भ गरिएको छ। जेष्ठ नागरिक ८४ वर्षीय खिमानन्द कँडेल, ७२ वर्षीय नन्दादेवी पाण्डेय र निजामती कर्मचारी मानबहादुर बोहरालाई परिचयपत्र हस्तान्तरण गरी शुभारम्भ गरिएको हो। प्रमुख जिल्ला अधिकारी नूरहरि खतिवडा, भीमदत्त नगरपालिकाका प्रमुख सुरेन्द्र बिष्ट, राष्ट्रिय परिचयपत्र विभागका महानिर्देशक जीतेन्द्र बस्नेत र निर्देशकद्वय शिवराज जोशी र सुवास ढकालले संयुक्त रुपमा परिचयपत्र हस्तान्तरण गरी कार्यक्रमको शुभारम्भ गरेका थिए।

## घरेलु मदिरा बनाउने १४ पक्राउ

**सिरहा/मस–** सिरहा प्रहरीले अवैध घरेलु मदिरा उत्पादनमा सङ्लग्न रहेको आरोपमा १४ जनालाई पक्राउ गरेको छ। धनुषामा घरेलु मदिराको सेवनबाट २० जनाभन्दा बढी व्यक्तिको मृत्यु भएपछि सिरहा प्रहरीले घरेलु मदिरा नियन्त्रण अभियान शुरु गरेको हो।

अभियानमा घरेलु मदिरा उत्पादन गर्ने कार्यमा संलग्न रहेको आरोपमा जिल्लाको विभिन्न स्थानबाट १४ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक उमाप्रसाद चतुर्वेदीले जानकारी दिए। पक्राउ परेका सबैलाई आवश्यक कारवाहीका लागि आन्तरिक राजश्व कार्यालय लहान सिरहामा बुझाइएको छ।

घरेलु मदिरा बनाउने भट्टी भत्काउने, तयारी मदिरा नष्ट गर्ने र मदिरा उत्पादन कार्यमा संलग्नलाई पक्राउ गर्ने कार्य भइरहेको उनले बताए। अभियान शुरु गरेपछि दुई दिनको अवधिमा प्रहरीले तीन हजार ४०० लिटर तयारी अवैध घरेलु मदिरा, ३२ हजार ७८० लिटर कच्चा पदार्थ नष्ट गरिएको प्रहरी उपरीक्षक चतुर्वेदीले बताए।

**VACANCY ANNOUNCEMENT**

A leading foreign employment agency seeking for smart & experienced candidates for the following position urgently.

**1. Manager : 01 Male/Female**
**Qualification & Experience:** Minimum Bachelor's Degree completed with 2 years work experience in manpower field.

**2. Documentation : 02 Male/Female**
**Qualification & Experience:** Minimum +2 level completed with 2 Years work experience in Manpower field.

***Salary and other benefits : Negotiable***

**Earth Smart Human Resources Nepal Pvt. Ltd.**
Sinamangal, KTM, Ph.No. 01-4474652, 4474653, 4491110
Email: info@earthsmart-nepal.com,www.earthsmart-nepal.com
Gov. Lic. No. 1050/073/074

# कोरोना प्रभाव

# ‘संसद्को कामकारवाही रोक्नुपर्छ’



**काठमाडौं/मस-** कोरोना भाइरस (कोभिड–१९) को सम्भावित संक्रमणको जोखिमलाई मध्यनजर गर्दै राष्ट्रियसभा सदस्यहरुले संसद्को काम कारवाही रोक्नुपर्ने बताएका छन् । मंगलबार संघीय संसद् बाहिर पत्रकारहरुसँग कुरा गर्दै सांसदहरुले विश्वभरी फैलिएको कोरोना संक्रमणको महामारीको सम्भावित जोखिमलाई ध्यान दिँदै संसद्को कामकारवाही रोक्नुपर्ने बताएका हुन् ।

सांसद राधेश्याम अधिकारीले सरकारले सबै भन्दा बढी भिडभाड हुने ठाउँहरु निषेध गर्नुपर्ने र यसको सुरुवात संसद्बाट नै गर्नुपर्ने बताए । उनले भने, ‘संसद्मा कुनै विजनेश पनि देखिँदैन । सांसदहरुले पनि तत्काल बन्द गर्नुपर्ने माग गरिरहेका छन् । केही गरी तलमाथि भयो भने ठूलो क्षति निम्त्याउँछ ।’

सांसद सुमन प्याकुरेलले नेपालमा कोरोनाको प्रभाव नदेखिएपनि ढुक्क हुने अवस्था नभएको बताए । भौतिक, आर्थिक र प्राविधिक हिसाबले नेपालमा संक्रमण देखिएपछि समस्या हुने भन्दै उनले सावधानी अपनाउनुपर्ने बताए । अत्यावश्यक कुरा बन्द गरेर देश नै ठप्प हुने अवस्था आउने भन्दै उनले संसद् पनि २/४ दिनभन्दा बढी नचल्ने बताए । उनले भने, ‘संसद् २–४ दिनभन्दा बढी जाला जस्तो लाग्दैन । अधिवेशन सकिने बेला पनि भयो । बढीमा ३ दिन बढी जाँदैन ।’

सांसद प्रमिला कुमारीले कोरोना भाइरसले विश्वका धेरे देशहरु संक्रमित भएको अवस्थामा नेपालमा संक्रमण हुने कुरा नकार्न नसकिने बताइन् । संसद्मा कोरोनाका विषयमा निरन्तर छलफल भइरहेको उल्लेख गर्दै उनले ७ गतेसम्म मात्रै संसद् चल्न सक्ने बताइन् ।

सांसद इन्दिरा गौतमले जोखिम नै नभित्रिएपनि सरकारले आफ्नो तर्फबाट तयारी गरिरहेको बताइन् । नेपाल प्रवेश नै नगरी कोरोनाका कारण जोखिम बढ्यो भनेर भन्न नमिल्ने तर होसियारी भने अपनाउनुपर्ने उनले बताइन् ।

विश्वका अधिकांश देशमा कोरोनाको संक्रमण तीव्र रुपमा फैलिरहेको छ । नेपालमा भने अहिले कुनै पनि व्यक्तिमा कोरोनाको संक्रमण छैन । कोरोनाको संक्रमण नदेखिएपनि सरकारले सभा सम्मेलन, धेरे भिडभाड हुने कार्यक्रम नगर्न आग्रह गरेको छ ।

## प्रमाण र शिक्षा विधेयकमाथिको संशोधन स्वीकृत

**काठमाडौं/मस-** राष्ट्रियसभाको मंगलबारको बैठकले ‘प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ माथि प्रतिनिधिसभाबाट भएको संशोधनमाथि विचार गरियोस्’ भन्ने प्रस्ताव स्वीकृत गरेको छ । कानून, न्याय तथा संसदीय मामिलामन्त्री डा शिवमाया तुम्बाहाङ्फेले प्रस्तुत गरेको उक्त प्रस्ताव बैठकले सर्वसम्मतिले स्वीकृत गरेको हो ।

यसैगरी बैठकले राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा पठाइएको ‘शिक्षासम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५’ प्रतिनिधिसभाबाट भएको संशोधन स्वीकारसहित पुनःपारित गरियोस् भन्ने प्रस्ताव पारित गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले प्रस्तुत गरेको उक्त प्रस्ताव बैठकको सर्वसम्मतिले पुनःपारित गरेको हो । राष्ट्रियसभाको अर्को बैठक यही चैत ६ गते अपराह्न १ बजे बस्नेछ ।

## कालोबजारी रोक्न समितिको निर्देशन



**काठमाडौं/मस-** प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले दैनिक उपभोग्य वस्तुमा भइरहेको कालोबजारी रोक्न सरकारलाई निर्देशन दिएको छ । समितिको मंगलबार बसेको बैठकले उपभोग्य वस्तुको कृत्रिम अभाव गरिएका ठहर गर्दै आपूर्ति व्यवस्थालाई सहज बनाउन निर्देशन दिएको हो । बैठकले अत्यावश्यकीय वस्तुको कृत्रिम अभाव देखाउँदै कालोबजारी गर्ने व्यापारीमाथि कारबाही गर्न पनि सरकारलाई निर्देशन दिएको छ ।

सरकारले अत्यावश्यक वस्तुको आपूर्तिमा कुनै समस्या नभएको जनाइरहँदा कोभिड-१९ (कोरोना) भाइरसको त्रास देखाउँदै व्यापारीहरुले दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव सिर्जना गरेका छन् । कोरोनाका कारण दैनिक उपभोग्य वस्तु, औषधिलगायत अत्यावश्यकीय वस्तुको अभाव तथा सहज आपूर्तिका सम्बन्धमा सरोकारवालासँग छलफल गर्न समितिको बैठक बसेको थियो ।

## लेकसाइडमा सहायता कक्ष

**पोखरा/रासस-** गण्डकी प्रदेशको राजधानी पोखराको लेकसाइडमा कोरोनो भाइरस भित्रिन नदिन सतर्कता अपनाइएको छ । आन्तरिक तथा बाह्य पर्यटकलाई मध्यनजर गर्दै पोखरा महानगरपालिकाले पर्यटकीय क्षेत्र लेकसाइडमा हेल्थ डेस्क (सहायता कक्ष) स्थापना गरेको हो । पोखरा महानगरपालिकाले लेकसाइडस्थित बाराहीचोकमा डेस्क स्थापना गरेको महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले जानकारी दिइन् ।

गुरुङले लेकसाइड पर्यटकको प्रमुख केन्द्र भएकाले स्वास्थ्य सतर्कताका लागि हेल्थ डेस्क राखिएको बताइन् । हेल्थ डेस्कमा कोरोनाको लक्षण, बच्ने उपायलगायतका बारेमा स्वास्थ्यकर्मीसहित सचेतनामूलक जानकारी गराइने महानगर स्वास्थ्य महाशाखा प्रमुख हेमन्त शर्माले जानकारी दिए । यसअघि पोखरा महानगरले पोखरा विमानस्थलमा पनि डेल्थ डेस्क स्थापना गरिसकेको छ । महानगरका विभिन्न वडामा जनप्रतिनिधि एवं सामाजिक संघ संस्थाले कोरोनाविरुद्धको सचेतना कार्यक्रमलाई तीव्रता दिएका छन् ।

प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङसहित प्रदेशसभा सदस्यलगायतले पोखरामा विभिन्न स्थानमा सचेतनाका लागि पर्चा पम्लेट वितरण गर्दै स्वास्थ्य सतर्कता अभियानालाई जोड दिँदै आएका छन् ।प्रदेशका कोभिड संक्रमणको लिइएका परीक्षणमा अहिलेसम्म कसैको पनि संक्रमण भएको नपाइएको प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक विनोद विन्दु शर्माले जानकारी दिए । उनले कोरोना संक्रमण रोक्न प्रदेशभित्र ८० श्यया आइसोलेसन वार्ड तयार गरिएको र उपचारको तयारीका लागि १२ वठा समिति गठन गरिएको बताए ।

## अनुमति विनै पोशाकमा नेपाल छिरे भारतीय प्रहरी



**दैलेख/मस-** चोर पक्राउ गर्न भनी भारतीय प्रहरी पोशाकसहित सोमबार साँझ दैलेख सदरमुकाममा आएका छन् । दैलेखकै एक युवकले भारु ५० लाख चोरी गरेर दैलेखमा आएको भन्दै खोजतलासीका लागि पोशाकसहित भारतीय प्रहरी सदरमुकाम आइपुगेका हुन् ।

मंगलबार बिहान पोशाकसहित जिल्ला सदरमुकाममा निस्फिक्री हिँडिरहेका भारतीय प्रहरी पोशाकसहित जिल्ला प्रहरी कार्यालय दैलेखमा गएका थिए । दैलेखका प्रमुख जिल्ला अधिकारी युवराज कटेलले अहिले सोही विषयलाई लिएर छलफल भइरहेको जानकारी दिए ।

भारतीय प्रहरी स्थानीय प्रशासन र प्रहरीलाई कुनै पनि जानकारी नदिई दैलेख आएको पाइएको छ । उनीहरुले बिहान मात्रै जिल्ला प्रहरी कार्यालयमा आफूहरु दैलेख आएको जानकारी गराएका थिए । भारतीय प्रहरीका सई विजय विवेकको नेतृत्वमा तीन प्रहरीसहित चार जनाको टोली दैलेख आएको हो ।

भारत, हरियाणा प्रदेश यमुना नगर जिल्लाबाट तीन प्रहरीसहितको चार जनाको टोली दैलेख आएको जिल्ला प्रहरी कार्यालय दैलेखका प्रहरी निरीक्षक उपेन्द्रप्रसाद आचार्यले जानकारी दिए । भारतमा काम गर्दै आएका दैलेखका एक युवक झण्डै रु ५० लाख चोरी गरी फरार भएपछि खोजी गर्न दैलेख आएको भारतीय प्रहरीले दैलेख प्रहरीलाई जानकारी गराएका छन् ।

‘उनीहरुले पोशाक लगाउनु हुँदैन भन्ने थाहा नभएको बताएपछि हामीले सादा पोशाकमा हिँड्न भनेका छौं,’ प्रहरी निरीक्षक आचार्यले भने, ‘भारतीय प्रहरीलाई नेपाल प्रहरीले नियन्त्रणमा लिएको छैन, उनीहरु हाम्रो सम्पर्कमा आफैं आएका हुन् ।’

प्रदेश नं ५ र कर्णाली प्रदेश हुँदै सदरमुकाममा भारतीय प्रहरी सूचना र अनुमतिविना नेपाल आउनु आपत्तिजनक भएको नेपाल मजदूर किसान पार्टीका जिल्ला कमिटी सचिव लक्ष्मी विकले बताए ।

## राजपुरमा स्वास्थ्य चौकी शिलान्यास

**इस्तयाक अहमद/मध्यान्ह**
रौतहट, ४ चैत



रौतहट जिल्लाको झेत्र नं. दुई राजपुर नगरपालिकास्थित बालुवा टोलमा स्वास्थ्य चौकी निर्माण हुने भएको छ । उक्त स्वास्थ्य चौकी भवनको शिलान्यास सम्पन्न भएको छ । राजापुर नगर प्रमुख मो.सकिल अखतर, नगर उपप्रमुख जफीरा खातुन, प्रशासकीय अधिकृत बैजु ठाकुर, वडा अध्यक्ष शेख मोक्दम, ईलाका प्रहरी कार्यालय राजपुरका प्रहरी नायव निरीक्षक (सई) दिपक कुमार गुप्तालगायतले सामुहिकरुपमा उक्त स्वास्थ्य चौकीको शिलान्यास गरेका हुन् ।

राजपुर नगरपालिका वडा नं ०७ मा बस्ने स्थानीय हृदय नरायण साहले आफ्नो समाजका लागि जमिन अनुदान दिएपछि उक्त जग्गामा स्वास्थ्य चौकी भवन बन्न लागेको हो । उक्त कार्यप्रति सबैले साहुलाई बघाई तथा धन्यवाद व्यक्त गरेका थिए ।

## कुटपिटबाट श्रीमतीको मृत्यु

कञ्चनपुर/मस- श्रीमान्को कुटाइबाट कञ्चनपुरको पुनर्वास नगरपालिकामा मंगलबार एक वृद्धाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक रवीन्द्र पौडेलले गत आइतबार मदिरा सेवन गरी पुनर्वास-८ ‘क’ गाउँका ६३ वर्षीय सफली बयाडीले श्रीमती ६० वर्षीया खञ्जुरी बयाडीलाई लाठी प्रहार गरी कुटपिट गरेको बताए ।

‘श्रीमानले कुटपिट गरेपछि वृद्धालाई उपचारका लागि अस्पताल पनि लगिएको रहेछ,’ उनले भने, ‘मंगलबार घर ल्याउने क्रममा बाटोमा मृत्यु भयो ।’ हत्यामा संलग्न बयाडीलाई प्रहरीले नियन्त्रणमा लिएको छ भने मृतक वृद्धाको शवपरीक्षणका लागि सेती प्रादेशिक अस्पतालमा राखिएको प्रहरीले जनाएको छ ।

## विशेष सेवाका कर्मचारीको सजायबारे फरकफरक मत



**काठमाडौं/मस-** नेपाल विशेष सेवाका कर्मचारीलाई कसुरअनुसार सजायका बारेमा समितिमा सहभागीले फरक-फरक मत राखेका छन् । राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिमा मंगलबार ‘नेपाल विशेष सेवा गठन र सञ्चालनसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक’माथि दफावार छलफलमा समितिका सदस्यले कसुरमा सजाय गर्दा फरक मत राखेका हुन् ।

उनीहरुले कुनै पनि कर्मचारीले कसुर गर्दा जन्मकैद नै राख्न नहुने समेत सुझाव दिएका छन् । समिति सदस्य तथा राष्ट्रियसभामा नेपाली कांग्रेस, संसदीय दलका नेता राधेश्याम अधिकारीले सेवाअन्तर्गतका कर्मचारीले देशको शान्ति व्यवस्था गर्न आवश्यकता रहेको हुनाले कुनै कसुर गरे जन्मकैदजस्ता सजाय राख्न नहुने बताए । ‘मुलुकका निम्ति कठोर हुने कार्य गरेमा कसुरअनुसार त्यस्ता कर्मचारीलाई छाड्नु हुँदैन,’ उनले भने, ‘तर जन्मकैदजस्ता सजाय नराखौं ।’

समिति सदस्य ठगेन्द्रप्रकाश पुरीले कसुरअनुसार न्यूनतम सजाय राख्नुपर्ने बताए । पुरीसहित समिति सदस्य अधिकारी र प्रमिला कुमारीले नेपाल राज्यको स्वतन्त्रत, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानमा खलल पर्नसक्ने किसिमका काम अति गोप्य सूचना तथा प्रतिवेदन कुनै प्रलोभनमा परी वा नपरी अनाधिकृत व्यक्तिलाई थाहा दिएमा वा त्यस्ता सूचनासँग सम्बन्धित अति गोप्य कागजातको बेचबिखन गरी गोप्यता भङ्ग गरेमा १० वर्षदेखि जन्मकैद हुनुपर्ने संशोधन दर्ता गराएका छन् । विधेयकमा भने उक्त कसुर गरेमा जन्मकैद हुनुपर्ने व्यवस्था रहेको छ ।

अर्का समिति सदस्य रामनारायण विंडारीले प्रचलित कानूनअनुसार सजाय हुनुपर्नेमा विशेष सेवामा कार्यरत कर्मचारीलाई थप दुई वर्ष सजाय हुनुपर्ने बताए । नेपाल कानून आयोगका अध्यक्ष माधव पौडेलले मुलुकी फौजदारी कार्यविधिसंहिता-२०७५ अनुसार सजाय तोकिनुपर्ने बताए ।

छलफलमा राष्ट्रिय अनुसन्धान विभागका प्रमुख गणेशप्रसाद अधिकारीले विशेष सेवाका कर्मचारीलाई प्रचलित कानूनअनुसार नै कारवाही हुनुपर्ने भन्दै विभागीय सजाय रहेका कुरालाई झिक्नुपर्ने बताए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयका सहसचिव पाराश्वर ढुङ्गानाले सेवाअन्तर्गतका कर्मचारीलाई थप सजाय हुनुपर्ने बताए । उनले निजामती कर्मचारी कम सजायका प्रवृत्ति देखिएको उल्लेख गर्दै पदमा बसेकालाई कसुरअनुसार चर्को सजाय गर्नुपर्ने बताए ।

समिति सभापति परशुराम मेघी गुरुङले विधेयकमा उल्लेख गरिएका कसुरका कतिपय कुरा आचरणभित्र पर्ने भएकाले थप छलफल गरेर सजायबारे निर्क्योल गर्ने बताए । सेवाअन्तर्गतका कर्मचारीले विभिन्न कसुर गरेमा न्यूनतम सात वर्षदेखि जन्मकैदसम्मको व्यवस्या विधेयकमा उल्लेख गरिएको छ । विधेयकमा मुलुकको धार्मिक र सामाजिक सद्भाव खलबल्याउन सहयोग पुऱ्याएमा र सशस्त्र विद्रोहमा सरिक भएमा वा आतंककारी गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सघाएमा जन्मकैदको व्यवस्था गरिएको छ ।

यस्तै आफ्नो जिम्मामा रहेको हातहतियार लापरवाहीपूर्वक हराएमा वा जानीजानी बिगारेमा, नेपाल राज्यविरुद्ध विद्रोह गर्ने प्रयास गरेको वा षड्यन्त्र वा उद्योग हुँदै गरेको वा भइरहेको थाहा पाउँदा पाउँदै आफ्नो उच्च पदाधिकारीलाई यथाशक्य तत्कालै खबर वा सूचना नदिएमा, सेवाबाट वा सेवाको कामबाट अलग भइसकेपछि पनि सेवाको कामसम्बन्धी गोप्यता कुनै तरिकाले भङ्ग गरेमा १२ वर्षसम्म कैदको व्यवस्था गरिएको छ ।

यसैगरी आफ्नो जिम्मामा रहेको सवारीसाधन वा नगदी वा जिन्सी सामानको दुरुपयोग गरेमा, लापरवाहीपूर्वक हराएमा वा जानी जानी बिगारेमा वा भत्काएमा, आफ्नो जिम्माको सरकारी सम्पत्ति वा सरसामान लिई भागेमा, ड्युटीमा रहेको वा नरहेको अवस्थामा माथिल्लो दर्जाको कर्मचारी हो भनी थाहा पाएपछि वा विश्वास गर्ने कारण हुँदाहुँदै पनि बल प्रयोग गरेमा गर्ने उद्योग गरेमा वा धम्की दिएमा, कर्मचारीले आफ्नो पदको दुरुपयोग गरेमा वा सेवाको काममा लगाइएका अन्य व्यक्ति आफ्नो कर्तव्यको बर्खिलाप काम गरेमा सात वर्षसम्म कैदको व्यवस्था गरिएको छ ।

## ७२ घण्टाभित्र कोरोना उपचार अस्पताल सञ्चालनमा ल्याइने




**चितवन/मस-** भरतपुर महानगरपालिका-१० मा रहेको चितवन प्रदर्शनी केन्द्रमा भरतपुर कोरोना विशेष अस्पताल सञ्चालनमा ल्याइने भएको छ । भरतपुर महानगरको अगुवाइमा मंगलबार भएको सरोकारवालाको बैठकले ७० श्ययाको अस्पताल तत्काल निर्माण गर्ने निर्णय गरेको हो ।

बैठकले महानगरपालिका प्रमुख रेनु दाहाल संयोजक रहेको १५ सदस्यीय कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण पूर्व तयारीका लागि कार्यदलसमेत गठन गरेको छ । कार्यदलमा प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराई, नेपाल चिकित्सक संघका केन्द्रीय उपाध्यक्ष डा अनिलविक्रम कार्की, जिल्ला समन्वय समितिका प्रतिनिधि, जिल्लाका ठूला अस्पताल, निजी अस्पताल, उद्योग संघ र उद्योग वाणिज्य संघ, नेपाल पत्रकार महासंघका प्रतिनिधि सदस्य रहेका छन् । कार्यदलको सदस्य सचिवमा वरिष्ठ फिजिसियन डा भोजराज अधिकारी रहेका छन् ।

कार्यदलको मंगलबार नै बसेको बैठकले १० श्ययाको सघन उपचार कक्ष, १० श्ययाको हाई डिपेन्डेन्ट युनिट (एचडियू) र ५० श्ययाको सामान्य श्यया ७२ घण्टाभित्र निर्माण गरिसक्ने निर्णय गरेको छ । कार्यदलका सदस्य सचिव अधिकारीका अनुसार अस्पताल सञ्चालनका लागि विभिन्न व्यक्ति र संस्थाहरुलाई कामको जिम्मेवारीसमेत दिइएको छ । अस्पतालको बहिरङ्ग सेवा डा अधिकारी र चिकित्सक संघका केन्द्रीय उपाध्यक्ष डा अनिलविक्रम कार्कीले समन्वय गरी सञ्चालन गर्ने जिम्मेवारी बैठकले दिएको छ । यसैगरी जनरल वार्ड बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा विजयचन्द्र आचार्य, एचडियू सञ्चालन गर्न कलेज अफ मेडिकल साइन्सेस एवं निजी अस्पताल समन्वय समिति र सघन उपचार कक्षाको जिम्मेवारी चितवन मेडिकल कलेजलाई दिइएको छ ।

जनशक्ति व्यवस्थापनका लागि भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेन्ट डा श्रीराम तिवारी र आवश्यक पूर्वाधारको व्यवस्थापनका लागि भरतपुर महानगरपालिका, जिल्ला समन्वय समिति, उद्योग वाणिज्य संघ चितवन र उद्योग संघ चितवनलाई बैठकले जिम्मेवारी दिएको छ । बैठकले प्रयोगशाला र रेडियोलोजी विभाग सञ्चालन गर्न निजी अस्पताल समन्वय समितिलाई जिम्मेवारी दिएको छ ।

कार्यदलका प्रवक्तासमेत रहेका अधिकारीका अनुसार जिल्ला र बाहिरका अस्पताल एवं विभिन्न स्वास्थ्य परीक्षण गरिएका क्षेत्रमा भेटिएका शंकास्पद बिरामीलाई यस अस्पतालमा पठाइनेछ । तत्कालका लागि सरकारी र निजी अस्पतालमा रहेका आइसोलेसन कक्ष पनि सञ्चालनमा रहने छन् ।

महानगर प्रमुख दाहालले रोग भित्रिन नदिन उच्च सतर्कता अपनाउने काम भइरहेको भन्दै रोग फैलिहालेमा पूर्व तयारीका लागि काम थालिएको बताइन् । सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने भन्दै उनले एकजुट भएर काम गरेमा रोग भित्रिन नपाउने र भित्रीहालेमा क्षति बेहोर्नु नपर्ने बताइन् ।

## सैतेनी आमाको हत्या गरी फरार छोरा पक्राउ

**काठमाडौं/मस-** सौतेनी आमाको हत्या गरी फरार एक जनालाई प्रहरीले पक्राउ गरेको छ । हत्या भएको १८ वर्षपछि केन्द्रीय अनुसन्धान व्यूरोको टोलीले धादिङ थाक्रे गाउँपालिका वडा नम्वर ६ रानीबारी बस्ने ५८ वर्षीय कान्छा थापा भन्ने रण बहादुर थापालाई पक्राउ गरेको हो । घटना भएको समयमा थापा ४० वर्षका थिए ।

२०५८ माघ १० गते थापाको बुवा सवारी दुर्घटनामा परी मृत्यु भएको थियो । माघ १४ गते रण बहादुर थापाले अंश सम्बन्धी विवादकोकारण आफ्नै सौतेनी आमा साईली थापालाई आफ्नै घर भित्र घाँटी थिची हत्या गरेका थिए । त्यसपछि थापा काठमाडौंमा लुकिछिपि बस्दै आएका थिए । पक्राउ परेका थापालाई व्यूरोको टोलीले जिल्ला प्रहरी कार्यालय धादिङमा बुझाएको जानकारी दिएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

### बालबालिकामा कोरोना आतंक !

भोलिबाट यो वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) शुरू हुँदैछ । कोरोना भाइरस रोकथाम तथा सतर्कता उच्च स्तरीय समितिको बैठकले परीक्षा नसार्ने निर्णय गरेपछि एसईई भोलिबाट शुरू हुने भएको हो । परीक्षाका लागि देशभरका चार लाख ८२ हजार १९ विद्यार्थीले आवेदन दिएका छन् । एसईईको सम्पूर्ण तयारी पूरा भएको परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ । तर, परीक्षा निर्धारित समयमै हुनेबारे भने सोमबार बसेको उच्च स्तरीय समितिको बैठकले मात्रै निर्णय गरेको हो । निर्णयमा ढिलाई हुँदा विद्यार्थी र तिनका अविभावक नै अन्योलमा परेका थिए । शिक्षामन्त्री गिरिराजमणि पोखरेलले समयमा निर्णय दिन नसक्दा आम सञ्चार माध्यममा समेत अन्योल देखिएको थियो । उच्च स्तरीय समितिको निर्णय पछि भने निर्धारित समयमै परीक्षा सञ्चालनको बाटो खुलेको छ ।

उच्च स्तरीय समितिको बैठकले कोरोना भाइरसका कारण परिस्थिति असामान्य नभएसम्म परीक्षा नियमित चल्ने निर्णय गरेको छ । अर्थात्, कोरोनाको संक्रमण नेपालमा देखिएमा भने परीक्षा स्थगित हुनेछ । यसको अर्थ अहिले पनि एसईई परीक्षा नियमित हुनेमा भने ढुक्कको परिस्थिति छैन । यदि, कोरोना भाइरस नेपालमा देखिएमा मात्रै पनि परीक्षा स्थगित हुनेछ । यसको प्रत्यक्ष असर भने परीक्षार्थी र तिनका अविभावकमा पर्नेछ । तर, कोरोना भाइरसका कारण परिस्थिति असमान्य अवस्थामा जान्छ वा जाँदैन भन्नेले भन्दा पनि परीक्षार्थीलाई यस सम्बन्धी भएको प्रचारले त्रसित तुल्याएको छ ।

किनभने, कोरोना भाइरसबाट यति धेरै सूचना प्रसार गरिएको छ कि परिपक्क पंक्ति समेत त्रसित हुने अवस्था छ । तर, यसबाट कसरी बच्न सकिन्छ भन्नेबारे भने अहिलेसम्म प्रभावकारी सूचना प्रभाहित भएको छैन । एसईईका परीक्षार्थी मात्रै नभएर बाँकी विद्यार्थीहरूलाई समेत कोरोना भाइरसको त्रासले आतंकित बनाएको छ । आज सकिदै गरेको परीक्षामा देशभरका कलिला बालबालिका सहभागी हुँदै आएका छन् । संघीय सरकारको निर्देशनअनुसार, आज परीक्षा सकिन लागेको हो । महामारीमा विवेकले राम्ररी काम नगर्न सक्छ । तर, सरकारले यसबारे सचेत भएर निर्णय लिनुपर्ने थियो । विशेषतः तिनै बालबालिकालाई यसबारे प्रभावकारी शिक्षा दिनुपर्नेमा सरकारले पाठ्यक्रमको कठोर प्रश्न सामुन्नेमा ल्याइदिए । यसले उनीहरूमा त्रास पैदा गरेको छ । यसबारे ध्यान दिनु र बालबालिकामा त्रास नभएर जानकारीको बिस्तार गर्नु अविभावक, समुदाय र सरकारको संयुक्त दायित्व हो ।

## सामाजिक सञ्जाल



यदि तिमीले आफ्नो चश्मा पुछ्न बिर्सियौंभने संसारलाई फोहोर भन्न पाउँदैनौं ।

-राधिका गेलाल



कोरोना बिरूद्धको लडाइँ सरकार एक्लैले जित्न सक्दैन,इचंगुमा अस्पताल तयार पार्ने निर्णय स्वागतयोग्री छ । कालो बजारी र कृत्रिम अभाव बिरूद्ध सरकारले बल प्रयोग गरोस ।

- अस्मिता थापा



सरकार क्वाराईण्टाईन स्थल खोज्दै छ हाम्रा होटे हरु खाली छन्, क्वाराईण्टाईन व्यवस्थापन समन्धि विशेष तालिमको व्यवस्था राज्यले गरोस् र होटेलहरुलाई क्वारेन्टाइ स्थलको रुपमा रुपान्त्रण गरियोस ! व्यवसाय भन्दा पहिला नेपालीको जिबन रक्षा हाम्रो दायित्व हो !

- राजेन्द्रप्रसाद सापकोटा



ठूलो स्वर होइन, तर्क प्रस्तुत गर्नु पर्छ.बिना तर्कको ठूलो स्वरमा त, जो कोही पनि इडिएट देखिन्छ

- रविन्द्रप्रताप शाह

# समृद्ध नेपाल, सुखी नेपालीको नारा र यथार्थ

**ठूलो आकारको बजेट निर्माण गर्न जनतामाथि संघीय कर, प्रादेशिक कर र स्थानीय कर गरी विभिन्न किसिमको करको बोझ थपिन्छ । नेपाल सरकारले जनतामाथि कति बढी कर थुपारेको छ, त्यो हेरौं ।**



■ डा. दीपेन्द्रकुमार चौधरी

> चालू आवको पहिलो ६ महिनामा कुल विनियोजित बजेटको २७ दशमलव ६० प्रतिशतमात्र खर्च भएको छ, जुन अघिलो आर्थिक वर्षको सोही अवधिको तुलनामा १ प्रतिशतले कम छ ।

सम्भवतः विगतमा नेपालले यति अनुभवी अर्थमन्त्री भेटेको थिएन । अर्थमन्त्री डा. युवराज खतिवडा राष्ट्रिय योजना आयोगको उपाध्यक्ष, नेपाल राष्ट्र बैंकको गभर्नर हुँदै २०७४ साल फागुनमा पहिलो पटक अर्थमन्त्रीको रूपमा शपथ लिएका थिए ।

अहिले दोस्रो पटक अर्थमन्त्रीको रूपमा नियुक्त भएका अनुभवी अर्थमन्त्रीले २ वर्षभन्दा कमको कार्यकालमा चालू आर्थिक वर्ष २०७६/०७७ सहित २ आवको बजेट पेश गरे । अर्थमन्त्रीको व्यक्तिगत अनुभव तथा बजेट समूहमा कार्यरत रहेका अनुभवी व्यक्तिले बनाएको बजेटको रूपमा बुझिन्छ, यिनलाई हेरिन्छ ।

आव २०७६/०७७ को बजेटले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा हासिल गर्न सामाजिक न्यायसहितको तीव्र विकास, सुशासनसहितको जनउत्तरदायी राज्य र सभ्य, सुसंस्कृत एवम् कर्तव्यनिष्ठ समाज निर्माणको उद्देश्य राखेको छ । पूर्ण लोकतन्त्र तथा समाजवादउन्मुख समृद्ध अर्थतन्त्र निर्माणको प्रतिबद्धता व्यक्त गरिएको छ । दुई अंकनजिकको आर्थिक बृद्धिदर हासिल गर्न सक्ने पृष्ठभूमिको चर्चा पनि गरिएको छ ।

बजेटको कार्यान्वनमा देखिएको अवस्थाबाट हाम्रो अर्थतन्त्र तथा कार्यान्वयनमा काम गर्ने निकाय कति सबल छन् ? त्यो छर्लङ्ग हुन्छ । चालू आवको पहिलो ६ महिनामा कुल विनियोजित बजेटको २७ दशमलव ६० प्रतिशतमात्र खर्च भएको छ, जुन अघिलो आर्थिक वर्षको सोही अवधिको तुलनामा १ प्रतिशतले कम छ । चालू आवको पहिलो ६ महिनामा चालू खर्चतर्फ विनियोजित बजेटको ३२ दशमलव ४० प्रतिशतमात्र खर्च भएको छ । यो परिमाण अघिल्लो आर्थिक वर्षको समीक्षा अवधिको तुलनामा २.७० प्रतिशत कम देखिन्छ ।

चालू आवको पहिलो ६ महिनामा विकास (पुँजीगत) खर्चतर्फ विनियोजित बजेटको १५ दशमलव ४० प्रतिशतमात्र खर्च भएको छ । यो अघिलो आर्थिक वर्षको सो अवधिको तुलनामा २.३० प्रतिशत कम हो । यसरी चालू आवको पहिलो अर्ध वार्षिकसम्म १५ दशमलव ४० प्रतिशतमात्र पुँजीगत खर्च हुनुमा पटकपटक खरीद नियमावली संशोधन, लामो समयसम्म काम गर्न नसकेका ठेकदारहरूमाथि कारबाही नहुनु, नेपालको मुख्य पुँजीगत खर्चको ठेक्का १८-२० जना ठेकेदारको हातमा जानु, कमिशनको चलखेल हुनुजस्ता कारण छन् ।

निवर्तमान सूचना, सञ्चार तथा प्रविधिमन्त्री गोकुल बास्कोटोको केही दिनअघि सार्वजनिक भएको अडियो प्रकरण र राजीनामाले पनि आर्थिक अनियमितता र चलखेललाई पुष्टि गर्छ । सभ्य, सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माणको उद्देश्य भए पनि पूर्वमन्त्री, सचिव, अधिकृत तथा बहालवाला मन्त्री, सचिव, अधिकृतदेखि पियनसम्म भ्रष्टाचारमा लिप्त भएको देखिन्छ । नेपाल सरकारका संयन्त्र तथा कानून पूर्ण छैनन् । सरकारले चाहेअनुसारको बजेट खर्च गर्न नसकेर ठूलो अकारको बजेट ९० दशमलव ४० प्रतिशतमा झारेको छ ।

ठूलो आकारको बजेट निर्माण गर्न जनतामाथि संघीय कर, प्रादेशिक कर र स्थानीय कर गरी विभिन्न किसिमको करको बोझ थपिन्छ । नेपाल सरकारले जनतामाथि कति बढी कर थुपारेको छ, त्यो हेरौं । यसका लागि नेपाल र भारतमा रहेको करको दरको अन्तर विश्लेषण गर्नु सान्दर्भिक हुन्छ । यसका लागि आयको सीमा २५ लाख रुपैयाँलाई आधार मानौं ।

नेपालमा नेपाली रुपैयाँ २५ लाख आय आर्जन गर्नेले ६ लाख २० हजार कर तिर्नुपर्छ । भारतमा नेपाली रुपैयाँ २५ लाख आय आर्जन गर्नेले जम्मा नेपाली रुपैयाँ ३ लाख १० हजारबराबरको कर तिर्नुपर्छ । भारतमा साधारण व्यवसाय करको दर १५ प्रतिशत छ । नेपालमा साधारण व्यवसाय करको दर २५ प्रतिशत छ । यसरी नेपाल सरकारले एकातिर पुँजीगत बजेट खर्च गर्न सकेको छैन ।

